ज.प्र.का.म.द.नं.४८/०७३/०७४

वर्ष ६, अंक १६१

२ चैत २०७९ बिहीवार

16 Mar. 2023, Thursday

www.shirishnews.com

पृष्ठ ४ मूल्य रु. ५/-

सधैं र सबैको लागि खबर खोज्ने अभियान

खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

# प्रादेशिक अस्पताल जनकपुरका अधिकांश विभागिय प्रमुख क्लिनिकमै व्यस्त




**खबर दर्पण समाचारदाता**

**चैत १ गते, जनकपुर**

सरकारले बिरामीलाई सहज र सुलभ खर्चमा उपचार सेवा दिन पाउनेगरी देशभर झन्डै ९ हजार भन्दा बढी स्वास्थ्य संस्था स्थापना गरेको छ । जस अनुसार नागरिकले स्वास्थ्योपचार गराउन सक्छन् । तर, जनकपुरमा भने फरक दृश्य छ।

मधेश प्रदेशको राजधानी जनकपुरमा रहेको प्रादेशिक अस्पतालमा उपचारका लागि लगभग आठ वटै जिल्लाका नागरिक पुग्ने गर्छन् । तर, विडम्बना चिकित्सक अस्पतालमा भेटिँदैनन् ।

प्रादेशिक अस्पतालमा परिणत हुनु अघि पनि यो समस्या थियो । जसमा अझै सुधार हुन सकेको छैन । अस्पतालमा चिकित्सक भेटिँदैनन् भन्ने सेवाग्राहीको गुनासो आजदेखिको होइन, वर्षौदेखिको हो । तर, न त अस्पतालका चिकित्सक जिम्मेवार बनेका छन् न त प्रशासनले नै ।

सरकारको तलब खाने, भएजतिका सेवासुविधा पनि लिने तर, काम भने आफ्नो क्लिनिकमा गर्ने चिकित्सकहरूको परिपाटी नै बनेको छ। जसप्रति कसैको चाँसो देखिँदैन । यो परिपाटी सुधारका लागि सम्भवतः कसैले कुनै पहल नै गरेको छैन जस्तो पनि देखिन्छ ।

सर्लाहीका सतिश सिंहले भने, 'जनकपुर प्रादेशिक अस्पताललाई प्रदेशकै नमूना बनाउनुपर्ने हो । जसका लागि यहाँ कार्यरत सबै चिकित्सक र प्रदेश सरकारले भूमिका निर्वाह गर्नुपर्छ। तर, त्यसो देखिँदैन । अनि बिरामी यहाँ किन आउने ?'

'प्रदेशको राजधानीमा रहेको अस्पतालको बारेमा मैले आज मात्रै भनेर केही हुने होइन, यो समस्या पहिला पहिला पनि बाआमाले सुनाउनु हुन्थ्यो। अहिले पनि उस्तै समस्या छ।' उनले थपे ।

जनकपुरका गंगिया देवीको पनि गुनासो उस्तै छ ।

अस्पतालमा भर्ना भएका एकजना आफन्तलाई भेट्न उनी प्रादेशिक अस्पताल पुगेकी थिइन् । तर, समयमा डाक्टर कोही नभेटिने उनको भनाइ छ ।

उनी भन्छिन्, 'डाक्टरहरूले क्लिनिक मै आउन भन्छन् । अस्पतालमा भिड धेरै हुन्छ । र म्रोसँग समय दिन सकिँदैन। त्यसैले क्लिनिकमा आउनुस्।'

सरकारी अस्पतालमा भिड हुनु स्वभाविक हो । प्रादेशिक अस्पतालमा सेवा नै प्रवाह नहुने होइन तर, अस्पतालका चिकित्सक क्लिनिकमा बढी समय बिताउँदा अस्पतालको सेवामाथि भने प्रश्न उठिरहन्छ ।

प्रादेशिक अस्पताल बाहिर क्लिनिकको भन्दा सस्तोमा उपचार हुन्छ । सरकारले लागू गरेको विभिन्न योजना अनुसार औषधि निःशुल्क पाउनेदेखि उपचारमा पनि छुट हुन्छ। तर, अस्पतालमा कार्यरत डाक्टरहरूको क्लिनिक परिपाटीले गरिब विपन्नलाई समस्या उत्पन्न गराएको छ ।

माथिका यी प्रतिनिधि घटनाका पात्र मात्र हुन्। यस्ता समस्या प्रादेशिक अस्पताल पुग्ने अधिकांशको छ । हुने खाने र पैसा भएकाहरूले नीजिमै उपचार गराउँछन् वा क्लिनिक मै जान्छन् । तर, पैसा नहुने सरकारी अस्पताल नै पुग्छन् ।

प्रादेशिक अस्पतालको विडम्बना यतिसम्म छ की, विभागिय प्रमुखहरू नै आफ्नो कार्यालय समयमा भेटिँदैनन् । विभागिय प्रमुखहरूको सूची हेर्दा अधिकांशको अस्पताल आसपास नै क्लिनिक भेटिन्छन् । अस्पतालका प्रमुखको पनि क्लिनिक अस्पताल बाहिरै छ ।

सरकारले एक वर्ष अघि सरकारी सेवामा कार्यरत चिकित्सकले अनुमति लिएर अनि कार्यालय समय पूरा गरेर मात्रै निजीमा काम गर्न पाउने व्यवस्था लागू गर्ने भनेको थियो । तर, फितलो नितीका अनुसार त्यो कार्यान्वयनमा आउन सकेन । जसका कारण सरकारी चिकित्सकलाई थप सहज भएको छ ।

**अस्पतालमा कमै भेटिन्छ अधिकांश विभागीय प्रमुख :**

अधिकांश विभागिय प्रमुख र अन्य चिकित्सकहरूले कतिघन्टा अस्पतालमा समय बिताउँछन् भन्ने उनीहरूको हाजिरीबाट थाहा हुन्छ ।प्रादेशिक अस्पताल जनकपुरका निर्देशक डा.प्रमोद कुमार यादवको नामसहितको क्लिनिक अस्पतालको बाहिरै छ । हुन त उनी अस्पताल समय अनुसार अस्पतालमै भेटिन्छन्। तर, उनको क्लिनिकमा पनि उत्तिकै भिड हुन्छ ।अस्पतालको प्रमुख भएर काम गरिरहेका डा.यादवले अन्य विभागिय प्रमुखलाई पनि केही भन्न सकेका छैनन् ।

डा.राम नरेश पण्डित प्रादेशिक अस्पताल जनकपुरको प्रसुति विभागका प्रमुख हुन् । तर, अस्पतालमा उनी कमै भेटिन्छन् । अस्पताल पुग्ने प्रायः बिरामी डा.पण्डितको क्लिनिकमै पुग्नुपर्ने बाध्यतामा छन् ।

अस्पतालबाट पश्चिततिर झन्डै २ सय मिटरको दुरीमा डा.पण्डितको क्लिनिक छ । अस्पतालमा उनीसँग जाँच गराउन आउने महिलाहरूको गुनासो नै हुन्छ, डाक्टरसाब अस्पतालमा भेटिनुहुन्न त्यसैले क्लिनिकमा जानुपर्छ ।

अर्का विभागिय प्रमुख हुन्, डा.अमिय कुमार साह । उनी प्रादेशिक अस्पताल जनकपुरका कान, नाक तथा घाँटी रोग विभागमा प्रमुख हुन् । उनको क्लिनिक त अस्पतालको प्रमुख गेटबाटै देख्न सकिन्छ। उनी पनि अस्पतालमाभन्दा बढी क्लिनिकमै भेटिन्छन् ।

डा.रामदेव चौधरी पनि विभागीय प्रमुख हुन् । उनको क्लिनिक अस्पतालबाट १ सय मिटरको दुरीमा छ । डा.रामदेव चौधरी वरिष्ठ फिजिशियन एवं पेट, कलेजो तथा मधुमेह रोग विशेषज्ञ भनेर उनको नामसहितको बोर्ड झुन्ड्याइएको छ ।

डा.मनिष पाण्डे वरिष्ठ कन्सल्टेन्ट

*बाँकी पृष्ठ ३ मा*

# आगलागीमा परी एक जनाको मृत्यु

**खबर दर्पण समाचारदाता**

**चैत १ गते, महोत्तरी**

वल्वा स्थित परौल टोलमा आगलागी हुँदा एक जनाको मृत्यु र एक जना घाइते भएका छन् । मृत्यु हुनेमा सोही स्थान बस्ने ५० बर्षिय चन्दन देवि र घाइते हुनेमा ५२ वर्षीय जयकरण यादव रहेको प्रहरीले जनाएको छ ।

स्थानीय रामसागर यादवको घरमा लागेको आगोमा परी घाइते भएका दुवै जनालाई स्थानिय र प्रहरीले तत्काल उदार गरि प्रादेशिक अस्पताल जनकपुर पुऱ्याएका थिए। घाइते मध्य चन्दन देविको उपचारको क्रममा मृत्यु भएको छ भने जयकरण यादवलाई थप उपचारको लागी काठमाडौं लगिएको छ ।

रामसागर यादवको घरको भान्साबाट एक्कासी लागेको आगलागीबाट उन्को झण्डै ८० हजार बरावरको क्षती समेत भएको छ । यादवको भित्र राखेको भाडाकुडा र लत्ताकपडा पुर्णरुपमा जलेर नष्ट भएको प्रहरीले जनाएको छ ।




**जन्म दर्ता, मृत्यु, विवाह दर्ता जस्ता व्यक्तिगत घटनाहरु समय मै दर्ता गर्नु सबै सचेत नागरीकको कर्तव्य हो ।**

सम्पादकीय

## संघीयता कार्यान्वयनमा मधेशका जनताको महत्वपूर्ण योगदान

नेपालको संविधानबमोजिम नेपालमा सात प्रदेश, ७७ जिल्ला एवं ७५३ स्थानीय तहको व्यवस्थासहित सङ्घीयता कार्यान्वयन सुरु गरिएको पाँच वर्ष पूरा भएको छ । सङ्घ, प्रदेश र स्थानीय तहका विधायिका र सरकारले पहिलो कार्यकाल पूरा गरी दोस्रो कार्यकाल सुरुवात गरेका छन् । पाँच वर्षको अनुभवपछि नेपाली जनतामा सङ्घीयताप्रति मिश्रित दृष्टिकोण देखापर्न थालेको छ । कतिपय नागरिकले सङ्घीयतालाई नेपालको दिगो शान्ति, समृद्धि र विकासका लागि अपरिहार्य प्रणालीको रूपमा बुझ्छन् भने कतिपयले यो प्रणालीलाई बोझिलो, खर्चिलो, अनुत्पादक तथा नेपालको मौलिकता विपरीत परनिर्देशित प्रणालीको रूपमा अर्थ्याउने गरेका छन् । नेपालमा समय-समयमा भएका जनआन्दोलनले मुलुकको राजनीतिक प्रणालीलाई विभिन्न रूपमा परिवर्तनको दिशानिर्देश गर्दै आएको इतिहास छ । वि.सं. २०६२।०६३ को जनआन्दोलनपछि तत्कालीन जनभावनालाई व्यवस्थापन गर्ने अभिप्रायबाट जारी भएको नेपालको अन्तरिम संविधान, २०६३ ले मधेशका जनताको भावना समेट्न नसकेको भनी मधेशमा थप जनविद्रोहको उभार आएको कारण अन्तरिम संविधानमा संशोधन गरी नेपालको भावी र ाजनीतिलाई सङ्घीयताको मोडेलमा अघि बढाउने व्यवस्था गरिएको व्यहोरा जगजाहेर छ ।

अन्तरिम संविधानमा भएको यही संशोधनको जगमा टेकेर दुई पटक संविधान सभाको निर्वाचन भई संविधान सभाबाट २०७२ असोज ३ गते सङ्घीयतामा आधारित राजनीतिक प्रणालीसहितको नेपालको संविधान जारी भएको हो । हाल नेपालको संविधानले व्यवस्था गरेबमोजिम सङ्घ, प्रदेश तथा स्थानीय तहका आवधिक निर्वाचनलगायत अन्य राजनीतिक तथा शासकीय क्रियाकलाप सञ्चालन हुँदै आएका छन् । नेपालको राजनीतिक प्रणालीलाई सङ्घीय ढाँचामा रूपान्तरण गर्ने विषयमा मधेश प्रदेशका जनताको महत्वपूर्ण योगदान रहेको र सङ्घीय ढाँचामा सञ्चालित सरकारहरूको कार्यशैली तथा सङ्घीयताको सवालमा उठ्ने विवादहरूका बारेमा मधेश प्रदेश र यहाँका जनताहरूको विशेष चासो रहने हुँदा सङ्घीयताको सफलता असफलता वा यस्तै अन्य विषयमा चर्चा गर्दा मधेश प्रदेश र यहाँका जनताको भावनाका बारमा पर्याप्त जानकारी राख्नु आवश्यक हुन्छ ।मधेशमा विगतमा देखापरेको सङ्कीर्ण सोच र एकाङ्की दृष्टिकोणको बाहुल्यतामा कमी आएको अवस्था छ । खासगरी पहाडीमूलका मानिस मधेशको विकासका बाधक हुन र यिनीहरूलाई मधेशमा कुनै अवसर दिनुहुँदैन भन्ने खालको दृष्टिकोणमा परिवर्तन आइसकेको छ ।

# श्रीलंकापछि संकटको बाटोमा पाकिस्तान: नेपालले के पाठ सिक्ने?

श्रीलंकापछि संकटको बाटोमा पाकिस्तान नेपालले के पाठ सिक्ने पाकिस्तानको सियालकोटमा आइतबार भएको एक कार्यक्रममा त्यहाँका रक्षामन्त्री खवाजा असिफले भने, "तपाईंले पाकिस्तान टाट पल्टिँदैछ भनेको सुनेको हुनसक्छ। त्यो भैसक्यो। हामी दिवालिया देशमा बसिरहेका छौं।"

पाकिस्तानमा विगत केही वर्षयता संकट चुलिँदै गएको छ, जसले पाकिस्तानलाई इतिहासको सबैभन्दा नराम्रो आर्थिक अवस्थामा पुऱ्याएको छ। यसअघि अर्को दक्षिण एशियाली देश श्रीलंका आर्थिक संकटमा परेको थियो। आर्थिक संकटका कारण विद्यालयको परीक्षा गर्न प्रश्न छाप्ने कागज र उत्तरपुस्तिका किन्ने सामर्थ्य पनि थिएन। जसकारण परीक्षा नै रोक्नु परेको थियो। अहिले पाकिस्तान पनि त्यस्तै संकट सामना गर्ने बाटोमा छ।

आर्थिक संकट टार्न अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ)ले सन् २०१९ मा पाकिस्तानलाई ६ अर्ब डलर बराबरको राहत दिन शुरू गरेको थियो। उक्त राहत प्याकेजको थप रकम हासिल गर्न पाकिस्तान सरकारले सोमबार करको मात्रा बढाएको छ।

आईएमएफले निर्धारण गरेको वित्तीय अनुपूरक विधेयक पाकिस्तानको संसद्रुरुबाट पारित भएपछि करको मात्रा बढेको हो। कोरम नपुगे पनि त्यहाँको संसद्रुले १ खर्ब ७० अर्ब डलर बराबरको पूरक बजेट पारित गरेको छ। बजेटले करको दायरा र दर वृद्धि गरेको छ।

यसअघि, आर्थिक संकटका कारण पाकिस्तानले अमेरिकाको राजधानी वाशिंटन डीसीमा रहेको आफ्नो दूतावास भवन बेचेको थियो। त्यसैगरी, आयातित तेलको खपत घटाउन धेरै गतिविधि कटौती गरेको छ।

पाकिस्तानी अर्थमन्त्रीका अनुसार नयाँ कर नीतिका कारण पाकिस्तानको महँगी बढेर ४० प्रतिशत पुग्नेछ। पाकिस्तान सरकारको प्रक्षेपणअनुसार यो वर्ष त्यहाँको आर्थिक विकास १.५ प्रतिशतभन्दा कम हुनेछ।

आर्थिक संकट खेपिरहेका जनता भने पाकिस्तान पहिलाजस्तै भैदिए हुन्थ्यो भन्ने आशा राख्छन्। धेरैजना पहिलाको पाकिस्तान सम्झन्छन्। अहिले महँगी यति बढेको छ कि, दैनिकी नै कठिन बनेको छ। बजारमा किनमेल प्रायः शून्य छ।

अर्थशास्त्रीहरूका अनुसार आईएमएफको राहतले पाकिस्तानलाई टाट पल्टिनबाट जोगाउनेछ। तर आर्थिक अव्यवस्था र कडा मितव्ययिता जारी रह्यो भने न्यून आय भएकाको दैनिकी थप कठिन हुनेछ। एकातिर पाकिस्तानलाई अनुदान घटाउने र कर बढाउने दबाव छ भने, अर्कोतिर बढ्दो महँगीले जनतालाई सास्ती भएको छ।

आईएमएफकी प्रमुख क्रिस्टालिना जर्जिएभालाले भने पाकिस्तानलाई अनावश्यक खर्च कम गर्न, धनीलाई कर तिराउन र गरिबले मात्र र ाहत पाउने व्यवस्था गर्न अनुरोध गरेकी छन्। "बाढीले एकतिहाइ जनसंख्यालाई असर गरेको अवस्थामा ऋण पुनर्संरचना गर्नुपर्ने ठाउँमा पाकिस्तान नपुगोस् भन्ने हामीले चाहेका छौँ," उनी भन्छिन्।

हाल पाकिस्तानसँग विदेशी मुद्राको सञ्चिति तीन हप्तालाई पुग्ने मात्र छ। पछिल्लो महिना पाकिस्तानसँग करिब ३ अर्ब डलर (तीन हप्ताको लागि पुग्ने) विदेशी मुद्रा सञ्चिति हुँदा भारतमा यही समय लगभग ५७५ अर्ब डलर सञ्चिति थियो। नेपालमा भने विदेशी मुद्रा सञ्चिति करिब १० अर्ब डलर बराबर छ।

पाकिस्तानको संकटको एउटा कारण विदेशी ऋण हो। पाकिस्तानले अहिले विदेशी मुलुक र संस्थासँग करिब १२६ अर्ब अमेरिकी डलर बराबर ऋण लिएको छ। त्यसमध्ये ३० अर्ब डलर ऋण चीनसँग छ। चीनले दिएको धेरै रकम चीन-पाकिस्तान आर्थिक करिडर (सिपेक) का लागि खर्च भएको थियो। सन् २०१३ मा शुरू भएको सिपेकका लागि अहिलेसम्म पाकिस्तानले ६२ अर्ब अमेरिकी डलर खर्च गरिसकेको छ। अर्थात्, आफ्नो देशलाई दुबई बनाउने आशामा पाकिस्तान आर्थिक रूपमा डुब्न लागेको छ र आईएमएफको सहयोग लिन बाध्य भएको छ।

पाकिस्तानको अर्थतन्त्र केही वर्ष यतादेखि नै बिग्रँदै गएको थियो। तर गत वर्षको बाढी र राजनीतिक अस्थितरताले पाकिस्तानको अवस्था झनै अप्ठ्यारो बनाएको छ। पाकिस्तानको २२ करोड जनसंख्यामध्ये २२ प्रतिशत जनता गरिबीको रेखामुनि छन् भने १० प्रतिशत धनाढ्य छन्।

केही वर्ष यता आर्थिक वृद्धि कम हुने, रोजगारीको अवस्था न्यून र हने, महँगी बढ्ने, लगानी घट्ने, बजेट घाटा बढ्ने र विदेशी मुद्राको सञ्चिति घट्नेजस्ता विभिन्न सूचकहरूले पाकिस्तानको अवस्था जटिल बन्दै गएको देखाएका थिए।

किन पाकिस्तान संकटोन्मुख छ?

पाकिस्तानको स्थिति बिग्रिनुमा नेताहरूले अंगालेको खराब नीति जिम्मेवार छ। पाकिस्तानले सेनामा आवश्यकताभन्दा बढी लगानी गरेको, पहुँचवालाहरूलाई सित्तैको सुविधा दिएको र अस्थिर र ाजनीतिक अवस्था सिर्जना गरेको विश्लेषकहरू बताउँछन्।

उनीहरूका अनुसार पाकिस्तानले राष्ट्रिय र आर्थिक हितभन्दा पनि राजनीतिक स्वार्थका आधारमा धेरै निर्णय गर्न थालेको थियो। विशेषज्ञहरूले पाकिस्तानको संकटका लागि निम्न कुरा औंल्याएका छन्:

१. पाकिस्तानले सकेसम्म धेरै अनुदान दिने र जनतालाई खुशी पार्न वस्तुको मूल्य कम राख्ने लोकप्रिय नीति अंगाल्यो।

२. पाकिस्तानले पेट्रोल र डिजेलको मूल्य कम राख्न खोज्यो। जनतालाई अनुदान दिएर बजेट र वित्तीय व्यवस्थामा भार थोपर्यो। सँगै भार तमा भने पेट्रोलियम पदार्थबाट थुप्रै राजश्व उठाइयो र त्यसलाई पूर्वाधारका क्षेत्रमा लगानी गरियो।

३. पाकिस्तानले पूर्वाधार विकास र त्यसको छनौटमा राष्ट्रिय र आर्थिक हितभन्दा पनि राजनीतिक स्वार्थ र विदेशीको चाहनालाई बढी प्राथमिकता दियो। यसको एउटा उदाहरण हो सिपेक। यो परियोजना अन्तर्गत उर्जा प्लान्टहरू स्थापना गरिएका थिए। तर ट्रान्समिसन लाइनको अभावमा यिनले काम गर्न सकेका थिएनन्।

४. पाकिस्तान सरकारले रक्षा क्षेत्रमा आवश्यकताभन्दा बढी लगानी गर्यो। यो पैसा अरू कुनै उत्पादनमूलक क्षेत्रमा लगानी गर्न सकिन्थ्यो।

५. पाकिस्तानले पूर्वाधार विकासका लागि सम्पूर्ण रूपमा विदेशी ऋणमा भर परेको थियो। पाकिस्तानलाई अहिले परेको दबाब आन्तरिक नीतिका कारण नभएर अनुपयोग पूर्वाधारमा खर्च भएको ऋणका कारण हो।

६. पाकिस्तान औद्योगिक (उत्पादनमूलक) क्षेत्रबाट सेवामूलक क्षेत्रमा धेरै चाँडो प्रवेश गर्यो। आर्थिक रूपान्तरणको यो क्रममा पाकिस्तानले उत्पादनमूलक क्षेत्रको विकास गर्न सकेन। यसले गर्दा सेवामूलक क्षेत्रको उपयोगिता खासै बढ्न सकेन। किनभने सेवा चाहिने क्षेत्रहरू सीमित भए।

७. पाकिस्तानमा सक्षम विपक्ष नभएका कारण सरकार उत्तरदायी बन्न सकेन।

८. आतंकवादलाई नियन्त्रण गर्न नसकेका कारण पाकिस्तानको आर्थिक क्षेत्रमा लगानी आउन सकेन। उकालो अनलाइनबाट

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# जनकपुरको 'धराशायी' रामस्वरुप रामसागर बहुमुखी क्याम्पसको साख स्ववियु निर्वाचनले फर्काउला?




**जयन्त ठाकुर**

**चैत १ गते, जनकपुर**

कुनै समयमा जनकपुरधाम स्थित रहेको रामस्वरुप रामसागर बहुमुखी क्याम्पस पूर्वी तराईको शैक्षिक हबका रुपमा स्थापित थियो। यस क्याम्पसमा धनुषा र महोत्तरीका मात्र नभई सर्लाही, सिन्धुली, रौतहट, रामेछाप, सिरहा, सप्तरी ओखलढुंगा लगायतका जिल्लाका विद्यार्थीहरू अध्ययन गर्नका लागि आउने गर्थे।

जनकपुरधामको यो क्याम्पस देशकै जेठो क्याम्पसहरु मध्येको एक क्याम्पस हो। तर ७ दशक लामो इतिहास बोकेको यो क्याम्पस सरकारको गलत नीति तथा क्याम्पसकै प्राध्यापक, कर्मचारी, विद्यार्थीलगायत सरोकारवाला पक्षको लापरवाहीका कारण धराशायी हुँदै गइरहेको छ।

मुलककै चर्चित डाक्टर, इन्जिनियर उत्पादन गर्नुका साथै उच्च प्रशासक तथा राजनीतिज्ञ जन्माउने राराव क्याम्पसको यो हविगत देखेर यतिबेला स्थानीय शिक्षाप्रेमी दुःखी छन्।

पूर्व उपप्रधानमन्त्री एवं नेपाली कांग्रेसका नेता बिमलेन्द्र निधि, पूर्वमन्त्री महेन्द्र यादव, रामकृष्ण यादव, युवराज खाती, प्रदेशसभा सदस्य रामसरोज यादव लगायतका नेताहरू राराब क्याम्पसकै उत्पादन हुन्। लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुरले त यस क्याम्पसमा प्राध्यापकको रुपमासमेत काम गरे। यी केही प्रतिनिधिमूलक उदाहरण मात्रै हुन्। प्राध्यापकहरूको समर्पण, मिहिनेत र पढाइप्रति विद्यार्थीहरूको लगनशीलताले चर्चित राराब क्याम्पसको अहिले साख गुम्दै गइरहेको छ। सरकारको गलत नीतिकै कारण देशैभर नाम कमाएको 'क' श्रेणीको क्याम्पस अहिले 'ग' श्रेणीमा झरिसकेको प्राध्यापकहरुको गुनासो छ।

यद्यपी क्याम्पस प्रमुख प्रदीपकुमार साह भने राराब क्याम्पसको साख गुमेको स्वीकार गर्दैनन्। त्रिभुवन विश्वविद्यालयकै आंगिक क्याम्पसहरुको अवस्था खस्किएको उनी बताउँछन्। सरकारले शिक्षालाई निजीकरण गर्ने निर्णय आफ्नै खुट्टामा बञ्चरो हाने सरह साबित भएको साहले बताए।

'सरकारले ल्याएको नयाँ शिक्षा नीतिले क्याम्पसको साख गुम्दै गइरहेको छ', क्याम्पस प्रमुख साहले भने, 'क्याम्पसको अवस्था धराशायी हुनुमा विभिन्न कारणहरु छन्, जसको प्रमुख कारण सरकार नै हो।'

उनका अनुसार टियु (त्रिभुवन विश्वविद्यालय) बाट प्रविणता प्रमाण पत्र तह हटाइनुले पनि टियुका सम्पूर्ण क्याम्पसहरुको हविगत यस्तै रहेको छ। राराब क्याम्पस सहित अन्य आंगिक क्याम्पसहरुको दुरावस्थामा सरकार र त्रिभुवन विश्वविद्यालय नै प्रमुख दोषी रहेको क्याम्पस प्रमुख प्रदीपले आरोप लगाए।

'त्रिविले पढाउने संकायहरुको इजाजत आंगिक क्याम्पस बाहेक अन्य निजी कलेज/क्याम्पसहरुलाई समेत दिएकाले विद्यार्थीहरुको संख्यामा कमी आएको छ' उनले भने, 'निजी क्याम्पसमै राम्रो पढाई हुन्छ भन्ने सोचका साथ विद्यार्थीहरुको संख्या आंगिक क्याम्पसहरुमा घट्दै गइरहेको छ।'

प्राध्यापकहरु सरकारी नीतिलाई दोषी ठहराई रहँदा पूर्वप्राध्यापाक नवेन्द्र निधि भने प्राध्यापकहरुकै र बैयाका कारण यस्तो हविगत आएको बताउँछन्।

'राराबका स्थायी प्राध्यापकहरूले आफ्नै निजी क्याम्पस सञ्चालन गरेका छन्, कागजी रुपमा नदेखिए पनि लगानी गरेका छन्,' निधिले भने, 'आफ्नै लगानी भएपछि मोह पलाउनु स्वभाविकै हो। तर यस्तै मोहका कारण राराबको साख खस्किँदैछ।'

प्राध्यापकहरूले निजी कलेजमा पढाउनुपूर्व त्रिभुवन विश्वविद्यालयबाट स्वीकृति लिनुपर्ने प्रावधान छ। क्याम्पसमा कक्षा रहेको समयमा प्राध्यापकहरू निजी शैक्षिक संस्थामा पढाउन पाउँदैनन्। र, सोही अनुसार उनीहरूले त्रिविबाट स्वीकृति पनि लिएका छन्। तर कार्यान्वयन भने हुन सकेको छैन। राराबमा कक्षा लिनुपर्ने समयमा कतिपय प्राध्यापकहरू निजी शैक्षिक संस्थामा पढाइरहेका हुन्छन्। यसबारे राराबका प्रमुख पनि अनभिज्ञ भने छैनन्।

तर क्याम्पस प्रमुख प्रदीप ती प्राध्यापकहरुको बचाउ गर्दै भन्छन्, 'त्रिविले नै उनीहरुलाई पढाउन इजाजत दिएको छ, इजाजत लिएर नै उनीहरु निजी क्याम्पसहरुमा पढाइरहेका छन्।'

यता विद्यार्थीहरू कक्षा लिन नआउँदा पढाइको गुणस्तर खस्केको कतिपय प्राध्यापक तथा विद्यार्थीहरूको गुनासो छ। लगभग ७ हजार विद्यार्थी अध्ययनरत रहेको राराव क्याम्पसको पूरानो गरिमा फर्काउनका लागि प्राध्यापकहरुदेखि विद्यार्थीहरुले समेत यो जिम्मेवारी आफ्नो काँधमा लिनुपर्ने स्नातक तहमा अध्ययनरत अनु साहले बताइन्।

**स्ववियु निर्वाचनले क्याम्पसमा बढाएको चहल पहल**

राराब क्याम्पसमा कुनै समय १५ हजार बढी विद्यार्थीहरु अध्ययनरत हुन्थे। तर अहिले त्यो संख्या ७ हजारमा झरेको छ। ७ हजार विद्यार्थीहरुमध्ये मुश्किलले २ हजार विद्यार्थी मात्रै दैनिक कक्षा लिन पुग्छन्। अन्य दिनमा खाली खाली हुने सो क्याम्पसमा अहिले स्ववियु निर्वाचनले चहल पहल बढाएको छ।

१४ वर्षपछि हुन लागेको स्ववियु निर्वाचनले गर्दा राराब क्याम्पसमा विद्यार्थीहरुको आवागमन बढ्न थालेको छ। डेढ दशकअघिसम्म जनशक्ति उत्पादनमा नेपालकै प्रमुख क्याम्पसको रुपमा चर्चा बटुलेको राराब क्याम्पस पछिल्लो समय पढाई भन्दा पनि परीक्षा दिएर डिग्री लिने थलोको रुपमा परिचित छ।

तर दुई/तीन वर्षदेखि प्राविधिक शिक्षा अवलम्बन गर्न थालेपछि भने विद्यार्थीको संख्या वृद्धि भएको छ। प्राविधिक शिक्षाले विद्यार्थीको संख्यामा ह्वात्तै बढेपनि प्राविधिक शिक्षा बाहेकका संकायमा विद्यार्थी मुश्किलले आउने गरेका छन्।

अहिले क्याम्पस भरिभराउ हुनुको कारण कक्षा होइन, स्ववियु निर्वाचन नै हो। विद्यार्थीहरु कक्षा कोठा छोडेर क्याम्पस परिसरमा चुनावी तयारीमा नै व्यस्त देखिन्छन्। क्याम्पस परिसरमा समूह समूहमा जम्मा भएका विद्यार्थीलाई स्ववियु उम्मेदवार बनेका विद्यार्थी नेताहरु आ-आफ्नो पक्षमा मत माग्दै फकाउँदै गरेको दृश्य देख्न पाइन्छ। स्ववियुको नेतृत्व लिन आतुर विद्यार्थी नेताहरु डेढ दशकसम्म क्याम्पस स्ववियुविहीन बनेकाले प्रशासनले गर्दै आएको मनोमानीका कारण क्याम्पसको अवस्था दयनीय भएको आरोप लगाउँछन्। स्ववियु सभापतिमा उम्मेदवारी दिएका नेविसंघका मनिष कुमार यादव र जनमत विद्यार्थी संघका मो. ईजाज मोमिनले क्याम्पस प्रशासनको मनपर्दीले क्याम्पसहरुको अवस्था दयनीय भएको बताए।

स्ववियु निर्वाचनमा सभापतिका दलीय उम्मेदवारहरु स्ववियु निर्वाचनपछि क्याम्पसको दुरावस्थामा सुधार ल्याउन पहल गर्नुलाई आफ्नो चुनावी एजेण्डा नै बनाएका छन्। लोकतान्त्रिक विद्यार्थी संघका उम्मेदवार प्रशान्त कुमार झाले स्ववियुले नेतृत्व पाएपछि राराब क्याम्पसको शैक्षिक गतिविधिमा सुधार आउने दाबी गरे।

जनकपुरधामका समाजसेवी रामस्वरुप साह र रामसागर साहले ६९ विघा जग्गा दान गरेर स्थापना गरिदिएको सो क्याम्पसले जनकपुरधाम र धनुषालाई मात्र नभई नेपालकै दजनौं जिल्लालाई कुनै समयमा शिक्षित बनाउँदै आएको थियो। तर अहिले संरक्षणको अभावमा क्याम्पस नै धाराशायी हुने अवस्थामा पुगेको छ।

## उपभोक्ताका लागि सचेतना कार्यक्रम




**सप्तरी** / म्याद गुज्रेको सामग्री उपभोक्तालाई किनबेच गर्नु वा कुनै पनि बहानामा उपभोक्ता ठग्नु दण्डनीय अपराध हो भन्ने उद्देश्यसहितको सचेतना कार्यक्रम गर्दै सप्तरीमा विश्व उपभोक्ता अधिकार दिवस - २०७९ मनाइएको छ ।

"नेपालका लागि स्वच्छ उर्जामार्फत उपभोक्ता सशक्तीकरण" नाराका साथ मनाइएको विश्व उपभोक्ता अधिकार दिवसको अवसरमा आयोजित कार्यक्रममा राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत परविनले नागरिक सचेत नभएसम्म उपभोक्ता ठगी भइरहने बताउनुभयो । उपभोक्तालाई ठगी गर्नेलाई हदैसम्म कारबाही चलाउनुपर्नेमा उहाँले जोड दिनुभयो ।हामीजस्ता पढेलेखेका नेपाली नागरिक दिनदिनै उपभोक्ताको रुपमा ठगिदै आइरहेको घरेलु तथा साना उद्योग कार्यालय सप्तरीका कार्यालय प्रमुख रेखाकुमारी यादवले बताउनुभयो । जिल्ला प्रशासन कार्यालय सप्तरीको अगुवाइमा घरेलु तथा साना उद्योग कार्यालय करदाता सेवा कार्यालय राजविराज तथा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको समन्वयमा गरिएको अन्तरक्रिया कार्यक्रममा सप्तरीका प्रमुख जिल्ला अधिकारी भूपेन्द्र थापले आउने दिनमा निरन्तर बजार अनुगमन गरी उपभोक्ता ठग्ने र कालाबजारी गर्नेलाई कुनै शर्तमा कानुनले नछाड्ने बताउनुभयो ।

## 'स्वच्छ ऊर्जा संक्रमणहरु मार्फत उपभोक्ताहरुलाई सशक्त बनाऔं' भन्ने मुलनारा साथ विश्व उपभोक्ता अधिकार दिवस मनाइयो




**अनु खनाल**

**चैत १ गते, बर्दिवास**

आज मार्च १५ अर्थात विश्वभर विश्व उपभोक्ता अधिकार दिवस मनाइँदैछ । यस वर्षको यस दिवसको नारा 'स्वच्छ ऊर्जा संक्रमणहरु मार्फत उपभोक्ताहरुलाई सशक्त बनाऔं' रहेको छ ।

अमेरिकाका राष्ट्रपति जोन एफ केनेडीले सन् १९६२ मार्च १५ मा अमेरिकी कांग्रेसमा अधिकारीसहितको उपभोक्ता बिल अफ राइटको घोषण गरेको दिनको सम्झनामा यो दिवस मनाउन थालेको हो ।

उपभोक्ता अधिकार दिवसकै अवसरमा महोत्तरीस्थित राष्ट्रिय उपभोक्ता मञ्चले बुधबार चेतनामूलक प्रभातफेरी गरेको छ । बर्दिबास नगरपालिकाको सहयोगमा भएको उक्त प्रभातफेरी उपभोक्तालाई सचेत बनाउने उद्देश्यले गरिएको राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष दीपेन्द्र पराजुलीले जानकारी दिए ।प्रभातफेरीका सहभागीहरुले 'अखाद्य वस्तु विक्री गरेको पाइएमा राष्ट्रिय उपभोक्ता मञ्च, स्थानीय प्रहरी र जिल्ला प्रशासन कार्यालयमा खबर गरौं', 'सामान खरिद गर्दा अनिवार्य रुपमा बिलबिजक लिने र दिने बानी बसालौं', 'अधिकतम मूल्यभन्दा बढीमा बिक्री गर्न खोजेमा सम्बन्धित निकायलाई जानकारी गराऔं', 'सबै नागरिक उपभोक्ता, सबै उपभोक्ता नागरिक', 'गुणस्तर हीन सामान खरिद बिक्री नगरौं', 'खाद्य पदार्थ खरिद गर्दा उत्पादन मिति, डेट एक्स्पाएर मिति र मूल्य अनिवार्य हेरौं' लगायतका नारा लेखिएका प्लेकार्डसहित बोकेका थिए ।

बर्दिबास नगरपालिकाको कार्यालयबाट सुरु भएको प्रभातफेरी यातायात व्यवस्था कार्यालय हुँदै बीपी राजमार्ग तीनकुने चौकमा कोणसभा गरिएको थियो । प्रभातफेरी बर्दिबासमा रहेको सरकारी तथा निजी विद्यालयका विद्यार्थी तथा शिक्षक, गौरीबास सेवा समिति, नागरिक समाज, प्रहरी, पत्रकार, जनप्रतिनितिलगायतको सहभागिता रहेको मञ्चकी महासचिव निशा थापाले बताइन् । उक्त अवसरमा बर्दिबास नगरपालिकाका मेयर प्रह्लादकुमार क्षेत्रीले उपभोक्ताको हकहितका लागि नगरले सदैव पहरेदारी गर्ने प्रतिबद्धता जनाए । उनलेले खाद्य पदार्थ तथा सामानहरु बुझेरमात्र खरिद तथा उपभोग गर्न उपभोक्ताहरुमा आग्रह गरे ।

## प्रादेशिक अस्पताल जनकपुरका...

फिजिशियन हुन् । उनको पनि प्रादेशिक अस्पताल बाहिर नै क्लिनिक छ । अस्पताल समयमा उनी क्लिनिकमै बढी भेटिन्छन् ।प्रादेशिक अस्पतालका लगभग सबैजसो डाक्टरको क्लिनिक छ र उनीहरूले एकातर्फ सरकारी स्रोतको दोहन गरिरहेका छन् भने अर्कोतर्फ सर्वसाधारणलाई लुटिरहेका छन् । जसका कारण प्रादेशिक अस्पतालको गुणस्तरीयता माथि सँधै प्रश्न उठिरहन्छ ।सरकारले सरकारी नियम अनुसार बिहान ९ बजेदेखि साँझ ४ बजेसम्मको कार्यालय समय बिताउन भनेपनि प्रादेशिक अस्पताल जनकपुरका चिकित्सकहरूको रबैया उल्टो देखिन्छ । न त कोही बिहान ९ बजे अस्पतालमा भेटिन्छन् न त उनीहरू ९ देखि ४ अस्पतालमै हुन्छन् । कसरी हुन्छ बिरामीलाई दुःख दिने मात्रै सोच उनीहरूमा देखिन्छ ।यो समस्या समाधानका लागि प्रदेश सरकारले हालसम्म कुनैपनि ठोस नीत बनाएको छैन भने मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानले पनि केही गर्न सकेको छैन ।प्रतिष्ठानका उपकुलपति डा.रामकेवल साहले ठोस नीति नभएकै कारण समस्या भइरहेको बताए ।अस्पताल समयमा चिकित्सकलाई रोकेर राख्नका लागि प्रतिष्ठान के गरिरहेको छ भन्ने नागरिक मिररको प्रश्नमा डा.साहले भने, 'यो समस्या वर्षौंदेखिको हो । जसको समाधान कसरी गर्ने भन्ने विषयमा हामी छलफल गरिरहेका छौं । केही सुधार पनि भएको छ पछिल्लो समय ।' नागरिक मिररबाट

# बर्दिवास महोत्सवको तयारी अन्तिम चरणमा

**खबर दर्पण समाचारदाता**
**चैत १ गते, बर्दिवास**

बर्दिवासमा लाग्ने चौथो बर्दिवास महोत्सवको तयारी अन्तिम चरणमा रहेको छ। महोत्सव शुक्रबार (चैत ३ गते)देखि सुरु हुने भएको छ ।

बर्दिवास उद्योग वाणिज्य सङ्घले विभिन्न जातजाती, पेशाकर्मी, व्यापारी, व्यवसायी, रङ्गकर्मी लगायतको सहभागितामा महोत्सव गर्न लागेको जानकारी दिएको छ । महोत्सव आयोजनको तयारी अन्तिम चरणमा पुगेको सङ्घले जनाएको छ ।

बर्दिवास उवा संघका अध्यक्ष विष्णुबहादुर खड्काले भौगोलिक, सांस्कृतिक एवम् वातावरणीय विविधता रहेको महोत्तरीमा कृषि, उद्योग, पर्यटन तथा ऐतिहासिक परम्परा र संस्कृतिलाई जिवत बनाई विकाश र समृद्धिमा योगदान पुऱ्याउने उद्देश्यले महोत्सवको आयोजना गर्न लागिएको बताए।

अध्यक्ष खड्काले भने, 'महोत्तरीका धार्मिक सांस्कृतिक परम्परा र सम्पदाको संरक्षण, आन्तरिक पर्यटनको संवर्द्धन तथा व्यापार व्यवसायको प्रवर्द्धनमा यो महोत्सवले योगदान पुऱ्याउने अपेक्षा छ ।'

उनले महोत्सवलाई परिष्कृत, व्यवस्थित, सफल र उदाहरणीय बनाउन सबैसँग आग्रह गरे ।

बर्दिवास नगरपालिकाको संरक्षकत्वमा आगामी चैत ३ गतेदेखि १३ गतेसम्म आयोजना हुने महोत्सवको चौथौं संस्करणमा स्थानीय उत्पादन र पर्यटकीय गन्तव्यबारे सूचनामूलक प्रस्तुति, जातीय रहनसहन, खानपान र भेषभूषाको प्रर्दशन गरिने छ।

मधेश प्रदेश होटल एवम् पर्यटन व्यवसायी महासंघले महोत्सवप्रति गहिरो अभिरुचि देखाएको छ ।

महासङ्घका अध्यक्ष हिरा गौतमले महोत्सव र पर्यटन बीच अन्योन्याश्रित सम्बन्ध रहेको जनाउँदै स्टल व्यवस्थापनका लागि प्रदेशका आठ वटै जिल्लामा समन्वय गर्ने बताए।

गौतमले यसको सफलताका लागि दल, समाज, व्यापारी, पेसाकर्मी सबैलाई समेटर लानुपर्ने धारणा व्यक्त गरे।

आयोजक बर्दिवास उवा सङ्घका महासचिव उत्तम श्रेष्ठका अनुसार महोत्सव स्थलमा व्यापारिक प्रयोजनका १७० स्टल राखिने व्यवस्था मिलाइएको छ । तीमध्ये स्थानीय उत्पादन र सीपमूलक प्रदर्शनका लागि स्टल वितरणलाई प्राथमिकतामा राखिएको छ। यसका साथै मौलिक उत्पादनको प्रतियोगितात्मक प्रदर्शनीको व्यवस्था पनि छ ।

कृषि उपज, सङ्घसंस्थालाई प्राथमिकतामा राखिएको श्रेष्ठले जनाए ।

महोत्सवमा लाखभन्दा बढी अवलोकनकर्ताले भ्रमण गर्ने आयोजकको अनुमान छ। अवलोकनकर्तालाई मनोरञ्जन दिन सांस्कृतिक कार्यक्रम, दोहोरी गीत, अन्तर विद्यालय नृत्य प्रतियोगिता, बाल उद्यान जस्ता मनोरञ्जनको विविध व्यवस्था गरिएको छ।

आयोजक बर्दिवास उवा सङ्घले महोत्सवमा पहिलोपटक बीमाको व्यवस्था मिलाएको छ । उद्योग, पर्यटन, कृषि एवम् क्रेता विक्रेताबीच अन्तरक्रिया को व्यवस्था गरिएको छ ।

अवलोकनका लागि प्रतिव्यक्ति टिकट शुल्क ६० रुपियाँ तोकिएको छ । यद्यपि महोत्सव शिक्षामूलक र विज्ञान प्रेरित भएकोले विद्यार्थीलाई भने ४० प्रतिशत छुट दिने निर्णय गरिएको छ ।

दश दिनसम्म चल्ने महोत्सवमा तीन करोडभन्दा बढीको कारोवार , ६० लाख आम्दानी र ५५ लाख खर्चको अनुमानित विवरण प्रस्तुत गरिएको छ ।

बचत भएको रकमबाट व्यापारिक हकहितका लागि खर्च गरिने महसचिव श्रेष्ठले जानकारी दिए।

# लक्ष्मीनियाँ गाउँपालिका: जनप्रतिनिधिहरूको धर्ना स्थगित



**खबर दर्पण समाचारदाता**
**चैत १ गते, महेन्द्रनगर**

धनुषाको लक्ष्मीनियाँ गाउँपालिकामा नेकपा एमालेबाट निर्वाचित जनप्रतिनिधिहरूले धर्ना स्थगित गरेका छन् ।

धनुषाका प्रमुख जिल्ला अधिकारी काशीराज दाहालको नेतृत्वमा पुगेको टोलीले गाउँपालिका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र आन्दोलनरत वडाध्यक्षहरूबीच आन्तरिक सहमति गराएपछि धर्ना स्थगित भएको हो ।

लक्ष्मीनियाँ गाउँपालिका वडा नम्बर-१ का वडाध्यक्ष दिलिप यादवले गाउँपालिका अध्यक्ष भोगेन्द्र मिश्रले प्रमुख जिल्ला अधिकारी काशीराज दाहाल, सहायक प्रमुख जिल्ला अधिकारी अनुज भण्डारी, प्रहरी उपरीक्षक विश्वराज खड्का र जिल्ला समन्वय समिति धनुषाका प्रमुख राजनन्दन मण्डलको रोहवरमा आफूहरूको ३ बुँदे माग सम्बोधन गर्ने सहमति जनाएपछि धर्ना स्थगित गरिएको जानकारी दिए ।

वडाध्यक्ष यादवले गाउँपालिकाका अध्यक्ष मिश्रले बिहीबार कार्यपालिका बैठक आह्वान गरेर प्रस्तावहरूमाथि गहन छलफल गर्ने सहमति भएकोसमेत जानकारी दिए ।

यसअघि गाउँपालिका अध्यक्ष मिश्र र प्रमुख प्रशासकीय अधिकृत नागेन्द्र यादवले पालिकामा करारका कर्मचारी नहटाई खुला प्रतिस्पर्धा नै नगरेर आर्थिक चलखेल गरी आफ्नो नातागोता र खल्तीका मान्छेलाई नियुक्त गरेको आरोप लगाउँदै वडाध्यक्षहरूले पालिकामा तालाबन्दीसमेत गरेका थिए ।

वडाध्यक्ष यादवले रोजगार सहायक, एमआईएस अपरेटरलगायतका पदका लागि दरखास्त आह्वान गरिए पनि नतिजा प्रकाशन गर्दा गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतले आर्थिक चलखेल गरी नातावाद कृपावाद गरेको आरोप लगाएका थिए।

आफुखुशी नियुक्त गरेको करारका कर्मचारीहरूको नियुक्ति बदर गरी पुनः पारदर्शी गर्ने, गाउँपालिकाको आयव्यय अविलम्ब सार्वजनिक गर्ने र पालिकाको कार्यसञ्चालन व्यवस्थित गरिने सहमति भएसँगै आफूहरूको आन्दोलन स्थगित भएको वडाध्यक्ष यादवले बताए ।

नेकपा एमालेबाट निर्वाचित वडा नम्बर-१ का वडाध्यक्ष दिलिप यादव, वडा नम्बर-२ का वडाध्यक्ष लालजी साह, वडा नम्बर-५ का वडाध्यक्ष दुखरण यादव, वडा नम्बर -६ का वडाध्यक्ष महाविर साह, वडा नम्बर-७ का वडाध्यक्ष गंगा साहलगायत ६ जना कार्यपालिका सदस्य र ८ जना वडा सदस्यहरूसहित १९ जना मंगलबार देखि धर्नामा बसेका थिए ।

# बालिका बलात्कार गर्ने १९ वर्षीय युवकलाई जन्मकैद

**खबर दर्पण समाचारदाता**
**चैत १ गते, सप्तरी**

सप्तरी-१० वर्षीया बालिकालाई बलात्कार गरेको कसुरमा एक अभियुक्तलाई जिल्ला अदालत सप्तरीले जन्मकैद सजाय सुनाएको छ।

सप्तरीकै डाक्नेश्वरी नगरपालिका-३ हटेलका १९ वर्षीय चन्दनकुमार साहलाई अदालतले जन्मकैद सजाय सुनाएको हो।न्यायाधीश हर्कबहादुर क्षेत्रीको इजलासले अभियुक्तलाई जन्मकैद हुने फैसला सुदाएको अदालतका सूचना अधिकारी भरतमणि पोखरेलले जानकारी दिए।

अभियुक्त साहले बालिकालाई २०७८ फागुन २२ गते दिउँसो बलात्कार गरेका थिए। पीडितकी आमाले इलाका प्रहरी कार्यालय कल्याणपुरमा घटनाकै दिन उजुरी दिएकी थिइन्। बुबाआमा ज्याला मजदुरीका लागि घरबाहिर गएको मौका छोपी आरोपितले घरदेखि पश्चिम रहेको पोखरीको डिलमुनि लगेर बलात्कार गरेको पीडितले बयान दिएकी थिइन्।इलाका प्रहरी कार्यालय कल्याणपुरले आरोपितलाई २०७८ फागुन २२ गते पक्राउ गरेको थियो।



जिल्ला अदालतमा २०७८ चैत १७ गते अभियोजनपत्र दायर भएकोमा जिल्ला न्यायाधीश प्रमेश पोखरेलको आदेशमा आरोपित २०७८ चैत २० गतेदेखि पुर्पक्षका लागि राजविराज कारागारमा थुनामा थिए।

यस्तै सप्तरीकी २५ वर्षीया महिलालाई बलात्कार गरेको कसुरमा सप्तरी डाक्नेश्वरी नगरपालिका-८ का एक युवकलाई सात वर्ष कैद सजाय भएको छ।सप्तरी जिल्ला अदालतका न्यायाधीश श्याम विहारी मौर्यको इजलासले ३० वर्षीय सुन्दर मुखियालाई सात वर्ष कैद सजाय हुने फैसला गरेको हो।

आरोपितलाई सात वर्ष कैदका साथै पीडितका लागि ५० हजार क्षतिपूर्ति दिनुपर्ने र फौजदारी कसुर राहत पीडित कोषमा एक हजार तीन सय जम्मा गर्नुपर्ने फैसला भएको अदालतका सूचना अधिकारी पोखरेलले जानकारी दिए।आरोपित ०७६ पुस ११ गते पक्राउ परेपछि माघ ६ गतेदेखि पुर्पक्षका लागि राजविराज कारागारमा थुनामा थिए।

आफ्नो गाईभैंसीलाई कृत्रिम गर्भाधान गराई उन्नत किसिमका पाडा-पाडी, बाछा-बाछी उत्पादन गरी दुध उत्पादन बढाऔं ।
हिउँद तथा वर्षे घाँसको विकास गरौं र उन्नत किसिमका घाँसको स्रोत केन्द्र स्थापना गरी आत्मनिर्भर बनौं । पशु बिमा गरी पशुधनको सुरक्षा गरौं ।

**भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र**
जनकपुरधाम, धनुषा

**जानकी एकेडेमीक हस्पिटल प्रा.लि.**

Hot line number
9748457490 / 9748457491

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**
**सम्पर्क नं.** 9854028392 / 9854021392 / 9801528392

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्वारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।

**२४ औं घण्टा उपलब्ध सेवा**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्वारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ञदीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्वारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कमप्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा